**नेपाली राजदूतावास**
**EMBASSY OF NEPAL**
**Bangkok, Thailand**


## बैंककस्थित नेपाली राजदूतावासमा संविधान दिवस/राष्ट्रिय दिवस २०८२ सम्पन्न

आज २०८२ असोज ३ गते एघारौं संविधान दिवस/राष्ट्रिय दिवस २०८२ राजदूतावास परिसरमै सम्पन्न भयो। कार्यक्रममा झण्डोत्तलन, राष्ट्रिय गान तथा सहिदहरूप्रतिको सम्झनास्वरूप मौनधारण गर्नुको अतिरिक्त थाईल्याण्डका लागि महामहिम नेपाली राजदूत श्री धनबहादुर ओलीबाट नेपालको राष्ट्रपतिबाट प्राप्त संविधान दिवस/राष्ट्रिय दिवस २०८२ को शुभकामना सन्देश वाचन गर्नुभयो। उहाँले संविधानले नेपाली जनताको लामो संघर्ष र आकांक्षालाई प्रतिविम्बित गरेको बताउँदै यसलाई व्यवहारमा उतार्न सबै नेपाली एकजुट भएर लाग्नुपर्नेमा जोड दिनुभयो।

औपचारिक कार्यक्रम पश्चात कार्यक्रममा उपस्थित प्राध्यापक, व्यवसायी, विभिन्न अन्तर्राष्ट्रिय संगठनमा कार्यरत नेपाली, विभिन्न विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थीहरूवीच नेपालको समसामयिक परिस्थितिको सन्दर्भमा विचार-विमर्श भयो।

महामहिम राजदूत ओलीले नेपाल अहिले विशेष परिस्थितिबाट गुज्रिरहेको उल्लेख गर्दै सबैले आ-आफ्नो स्थानबाट योगदान गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा उपस्थित जेन-जेड पुस्ताका नेपाली युवाहरूले नेपालको संविधान, लोकतान्त्रिक अभ्यास र भविष्यबारे आफ्ना धारणा राख्दै विदेशमा रहेका नेपाली युवाले नेपालको विकासमा योगदान दिन सक्ने विश्वास व्यक्त गरे। प्राध्यापक तथा अन्य विद्वतवर्गबाट नेपालले पुनर्निर्माण, सुशासन तथा विकासको क्षेत्रमा अब लिनुपर्ने बाटोको सम्बन्धमा आ-आफ्नो धारणा राख्नु भयो। उहाँहरूले नेपालको विकासको लागि नेपाल सरकार/राजदूतावासबाट हुने प्रयासहरूमा आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग हुने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।

मुलुकको राष्ट्रिय हित प्रवर्द्धनमा दूतावासको सबै नेपालीसँग अविच्छिन्न सहकार्य रहने प्रतिवद्धता व्यक्त गर्दै उपस्थित सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गरी महामहिम राजदूतज्यूबाट कार्यक्रम समापन भयो।

नेपाली राजदूतावास
बैंकक, थाइल्याण्ड
०३ असोज २०८२

नेपाली राजदूतावास
बैंकक


4/1 Soi 27, Pridi Banomyong, Sukhumvit 71 Road, Klong Ton, Watthana, Bangkok 10110
Tel: +66 2 391 7240, 02 390 2280, Fax: +66 2 381 2406
Email: eonbangkok@mofa.gov.np, nepsecbkk@gmail.com,Website: th.nepalembassy.gov.np